नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## वित्तीय सेवा विस्तार तथा उत्पादनशील लगानीमा जोड

(माननीय अर्थ मन्त्री कोइरालाद्वारा नेपाल राष्ट्र बैंकको कामकारवाही बारे जानकारी)

माननीय अर्थमन्त्री शङ्करप्रसाद कोइरालाले चैत्र १५ गते नेपाल राष्ट्र बैंकको भ्रमण गर्नुभई बैंकको कामकारवाही बारे जानकारी लिनुभयो । बैंकको सभा हलमा आयोजित सङ्क्षिप्त कार्यक्रममा गभर्नर डा. युवराज खतिवडाले नव नियुक्त मन्त्रीज्यूको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुहुँदै बैंकका काम कारवाही तथा बैंकले अवलम्बन गरेका नीतिगत, प्रक्रियागत र व्यवस्थापकीय पक्षमा प्रकाश पार्नुभएको थियो ।




कार्यक्रममा गभर्नर खतिवडाले नेपाल राष्ट्र बैंकको मुख्य उद्देश्य प्रभावकारी मौद्रिक व्यवस्थापन तथा वित्तीय क्षेत्र स्थायित्व कायम गरी समष्टिगत आर्थिक स्थायित्व हासिल गर्नु रहेको विषयमा प्रकाश पार्नुहुँदै बैंकले लिएका उद्देश्य तथा ती उद्देश्य प्राप्तिका लागि गरिएका काम कारवाहीहरुका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले बैंकद्वारा सम्पादन गरिने मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, वित्तीय क्षेत्र स्थायित्वका लागि चालिएका नीतिगत तथा प्रक्रियागत कदमहरु, विदेशी विनिमय व्यवस्थापनका विविध पक्षहरु, सरकारको बैंक, भुक्तानी प्रणालीको नियमक, बैंकको अन्तराष्ट्रिय सम्बन्ध लगायतका विषयमा प्रकाश पार्नुभएको थियो । साथै, उहाँले नेपाल राष्ट्र बैंकसामु रहेका आर्थिक प्रणालीगत, वित्तीय प्रणालीगत तथा व्यवस्थापकीय पक्षमा रहेका चुनौतीहरुका बारेमा समेत चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै माननीय अर्थमन्त्री कोइरालाले अहिलेका समष्टिगत आर्थिक परिसूचकहरूलाई हेर्दा निराशा नै मानीहाल्नु पर्ने स्थिति नरहेको धारणा राख्दै यस स्थितिलाई सुधार गर्न सबै पक्षबाट यथेष्ट प्रयास गर्नुपर्ने बताउनुभयो । सरकार निश्चित उद्देश्यका साथ स्थापना भए पनि अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न केही कार्यक्रम आवश्यक हुने भन्दै मन्त्री कोइरालाले स्थायित्व, आर्थिक वृद्धि र सुशासन वर्तमान सरकारको मुख्य

प्राथमिकता रहेको स्पष्ट पार्नुभयो । उहाँले वित्तीय क्षेत्र व्यवस्थापनका क्षेत्रमा भावी कार्यक्रम सहित नेपाल राष्ट्र बैंकले लिएको नीति उपयुक्त रहेको धारणा राख्दै मौद्रिक नीति र वित्तीय नीतिको समन्वयबाटै बृहत् आर्थिक उद्देश्य हासिल गर्न सकिने बताउनु भयो । बैंक तथा वित्तीय संस्थाबाट लिइने कर्जाको व्याजदरलाई कम गर्न आवश्यक रहेको धारणा राख्दै उहाँले नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच अभिवृद्धि गर्न लिएको नीति सराहनीय रहेको र यो सरकारको समेत प्राथमिकतामा रहेको बताउनुभयो ।



अबका दिनमा लगानीको वातावरण सुध्रने आशा व्यक्त गर्दै मन्त्री कोइरालाले जलविद्युत्, पर्यटन, सेवा जस्ता प्राथमिकता प्राप्त उत्पादनशील क्षेत्रमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गर्नुपर्ने र यस क्षेत्रमा पुनर्कर्जाको व्यवस्था गर्नुपर्ने बताउनुभयो । उहाँले वित्तीय अपराधीलाई कारवाही गर्ने र वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने नेपाल राष्ट्र बैंकको प्रयासमा सरकारबाट पूर्ण सहयोग हुने विश्वास दिलाउनु हुँदै नेपाल राष्ट्र बैंक व्यवस्थापनलाई भौतिक पूर्वाधार एवम् व्यवस्थापकीय योजना सहित अघि बढ्न सुझाव दिनुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले वित्तीय क्षेत्रको तरलताको अवस्था तथा भारतीय रुपैयाँको व्यवस्थापन विषयमा चर्चा गर्नुभएको थियो भने डेपुटी गभर्नर महाप्रसाद अधिकारीले वित्तीय क्षेत्र व्यवस्थापनका विविध पक्षमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सञ्चालक सदस्यहरू प्रा.डा.श्रीराम पौडेल, डा. रामहरि अर्याल तथा बालकृष्ण मान सिंहले आआफ्ना धारणा सहित माननीय मन्त्रीज्यूको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बैंकका कार्यकारी निर्देशक, निर्देशक तथा विशिष्ट अधिकारीहरूको उपस्थिति रहेको थियो ।

२०६९ चैत १५ गते, बिहीवार

गभर्नरको कार्यालय